दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ६५ | बुटवल | २०८२ फागुन १६ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday February 28, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# नयाँका नारामा नफसौं, ०६४ को हालत हुन्छ : गगन

**फेसबुक, युट्युब र टिकटकमा आउने सामग्रीको आधारमा भ्रममा परेका युवा पुस्तालाई जनताको घरदैलोमा गएर राम्ररी बुझाई भ्रमबाट मुक्त बनाउन नेता कार्यकर्तालाई सभापति थापाले अनुरोध गरे।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसका सभापति गगन थापाले नयाँ भनिएका पार्टीका नारामा फस्दा देशले २०६४ सालमा माओवादीले जितेर संविधान नबनेको जस्तै फेरि दुःख भोग्नुपर्ने बताए।

शुक्रबार बुटवलमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै सभापति थापाले नयाँ नेपालको नाराकै भरमा माओवादी संसदको ठूलो दल बन्दा संविधान बनाउन समेत नसकी देशको पाँच वर्ष खेर गएको टिप्पणी गरे। '२०६४ सालमा यसैगरी माओवादीले पुरानाले बिगारे, हामी बनाउँछौं भन्यो,' उनले भने- 'उसको नयाँ नेपालको नारा बिक्यो। हामीले लामा-लामा कुरा गऱ्यौं, उसले हामी नयाँ बनाउँछौं भन्यो, तर संविधान पनि बनाउन सकेन।'

सभापति थापाले नयाँ नेपाल बनाउने नारा लाएर आएको माओवादीले संविधान पनि बनाउन नसकेको बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले विकास निर्माणका काम नगर्ने व्यक्तिलाई रूखमा बाँध्ने भन्ने अभिव्यक्तिको प्रसंग उल्लेख गर्दै थापाले त्यस्तो शैलीले देश नबन्ने स्पष्ट पारे।

उनले उदाहरण दिँदै भने-'एयरपोर्टमा जहाज अवतरण भएन भनेर पाइलटलाई कोर्रा हानेर समाधान हुँदैन। त्यसको वास्तविक समस्या के हो भन्ने पहिचान गर्नुपर्छ।'

उनले सडक निर्माण ढिला हुनुका कारण कानुनी जटिलता रहेको उल्लेख गर्दै त्यसलाई समाधान गर्न आफूले ४१ वटा कानुन संशोधन गर्नुपर्ने आवश्यकता औंल्याएको बताए। 'सडक बनेन भनेर कसैलाई रूखमा झुन्ड्याउँछु भन्दैमा देश बन्दैन।'- सभापति थापाले भने।

थापाले आगामी पाँच वर्षमा मुलुक र जनतालाई समृद्ध बनाउने अभियानका साथ कांग्रेस निर्वाचनमा होमिएको बताए। पुराना अनुभवलाई प्रयोग गरेर देशलाई जनअपेक्षा अनुसार सुधार गरी समृद्ध बनाउने संकल्पसहित कांग्रेस अघि बढेको उनले स्पष्ट पारे।

अहिलेको निर्वाचनमा रूख चिन्हमा मतदान गर्नुपर्ने बलियो आधार रहेको दाबी गर्दै उनले देशलाई सुधार र स्थायित्वतर्फ लैजाने क्षमता आफूहरूसँग मात्र भएको दाबी गरे।

थापाले अहिले कांग्रेसलाई भोट नहाल्नुपर्ने कुनै कारण नरहेको दाबी गरेका छन्। 'कांग्रेसलाई भोट नहाल्ने कुनै कारण छैन,' कार्यकर्तालाई निर्देशन दिँदै सभापति थापाले भने-'घर-घरमा गएर रूखमा मतदान गरेर कांग्रेसलाई जिताउँ भनेर आग्रह गर्नुहोस्।' कांग्रेसभित्रको आन्तरिक समस्यालाई मिलाइसकेको पनि उनले दाबी गरे। आन्तरिक विवाद मात्र नभई राष्ट्रिय मुद्दामा अन्य दलसमेत मिलाएर अगाडि बढ्ने तागत आफूसँग रहेको सभापति थापाको दाबी थियो।

जनताका सबै समस्याको अध्ययन गरेर देशको नेतृत्व गर्न आएको पनि उनले दाबी गरे। 'किसानका खेतमा मल पुऱ्याउनेदेखि पहाडका बाँदर धपाउनेसम्म टिम बनाएर अध्ययन गरेर जनताका माझ मत माग्न आएको हुँ।'- उनले भने। सामाजिक सञ्जालमा अड्केर नबस्न पनि उनले कार्यकर्तासँग आग्रह गरे।



थापाले कांग्रेसका सबै नेता-कार्यकर्ताहरूलाई आफैंलाई उम्मेदवार मानेर आमनागरिकसँग मत माग्न आग्रह गरेका छन्।

उनले उम्मेदवार एक्लैले मेहनत गरेर नहुने भन्दै नेता-कार्यकर्ताहरूले आफैँलाई उम्मेदवार मानेर मत माग्नुपर्नेमा जोड दिएका हुन्।

'यहाँको उम्मेदवारले यहीं मेहनत गर्नुपर्छ। सबैले गरिराख्नुभएको छ। तर, त्यो उम्मेदवार एक्लै मेहनत गर्नु हुँदैन,' सभापति थापाले भने-'तपाईं प्रत्येक उम्मेदवार बनिदिनुपर्छ। तपाईंले प्रत्येक घरमा गएर भनिदिनुपर्छ, उम्मेदवार मै हुँ।'

सभापति थापाले नेता-कार्यकर्ताहरूलाई घर-घर गएर गगन थापा बनेर मत माग्न पनि आग्रह गरे।

'अझ तपाईंले भनिदिनुपर्छ- म गगन थापा भएर तपाईंको घरमा मत माग्न आएको छु। पाँच वर्ष मौका दिनुस्। देशलाई निराश बनाउँदैनौं भनेर तपाईंले भनिदिनुपर्छ।'-उनले भने।

थापाले पार्टीका नेता-कार्यकर्ताहरूलाई सामाजिक सञ्जालमा मात्र अड्केर नबस्न आग्रह गरेका छन्।

उनले निर्वाचनको मिति नजिकिएको भन्दै नेता-कार्यकर्ताहरूलाई सामाजिक सञ्जालमा मात्र अड्केर नबस्न आग्रह गरेका हुन्।

सभापति थापाले कांग्रेसको सबैभन्दा ठूलो शक्ति संगठन भएको भन्दै नेता-कार्यकर्ताहरूलाई चुनाव प्रचार-प्रसारका लागि घर-घर जान, नवयुवाका कुरा सुन्न पनि आग्रह गरे।

थापाले नवयुवासँग कुरा गर्दा सुरुमा उनीहरूले गाली गर्न सक्नेतर्फ पनि स्मरण गराए। उनले पार्टीका नेता-कार्यकर्ताहरूसँग रिसाएका नवयुवालाई पार्टीका बारेमा सम्झाउन पनि आग्रह गरे।

'उनीहरूले पहिला दुई लाइन गाली गर्लान्। उनीहरूसँग राम्रोसँग संवाद गर्नुस्,' सभापति थापाले भने-'उनीहरूलाई बताउनुस्, भन्नुस् यो कांग्रेस अधिवेशनबाट एउटा संकल्प गरेर आएको छ।' कांग्रेस विशेष महाधिवेशनबाट विगतका सबै राम्रा कुराहरूलाई बोक्ने र खराब कुरालाई छोड्ने नयाँ संकल्प गरेर आएको कुरा नवयुवालाई बताउन थापाले पार्टीपंक्तिलाई आग्रह गरे।

'हामी उत्तेजनाको राजनीतिमा धेरै नबहकिऊँ। युट्युवले, फेसबुक र टिकटकले धेरैलाई झुक्याएको छ। धेरै भ्रममा नपरौं।'-उनले भने।

सभापति थापाले विभिन्न देशमा छरिएर रहेका नेपाली नागरिकबाट कांग्रेसले सहयोगको अपेक्षा गरेको पनि बताए। 'संसार भर छरिएर रहेका नेपालीलाई पनि आह्वान गर्छौं- तपाईंहरूको सहयोग चाहिएको छ। तपाईं-हामी मिलेर एउटा ताकत बनाउनुपर्ने छ।'- उनले भने।

» बाँकी ३ पेजमा

## प्रधानमन्त्री-चिनियाँ राजदूत भेटवार्ता



बुटवल। प्रधानमन्त्री सुशीला कार्कीसँग नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत चाङ माओमिङले भेटवार्ता गरेका छन्।

प्रधानमन्त्री कार्कीले नवनियुक्त राजदूतलाई बधाई ज्ञापन गर्दै कार्यकाल सफलताका लागि शुभकामना व्यक्त गरिन्। साथै उनले राजदूत चाङ माओमिङले प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र दुई देशबिचको मित्रवत् सम्बन्धलाई अझै उचाइमा पुऱ्याउने महत्वपूर्ण भूमिकामा सफल हुने विश्वास व्यक्त गरिन्।

चिनियाँ राजदूत माओमिङले व्यस्तताकाबिच शिष्टाचार भेटका लागि समय उपलब्ध गराएकोमा प्रधानमन्त्री कार्कीलाई धन्यवाद ज्ञापन गरे। राजदूत माओमिङले प्रधानमन्त्री कार्कीलाई मुलुकमा शान्ति, सुरक्षा र कानुनको शासन बहाल गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन हुने सुनिश्चितता भएको भन्दै बधाई दिए। नेपालको यस प्रक्रियामा चीनको साथ र सहयोग रहेको उनको भनाइ थियो। प्रधानमन्त्री कार्कीले पनि नेपालको लोकतान्त्रिक प्रक्रियाको महत्त्वपूर्ण हिस्सा निर्वाचनमा चीनबाट प्राप्त सदासयता र सहयोगका लागि कृतज्ञता ज्ञापन गरिन्।

साथै विकासका विभिन्न परियोजना र आयामहरूमा चीनबाट प्राप्त सहयोग र साझेदारीका अवसरहरूप्रति नेपाल र नेपाली जनताका तर्फबाट आभार व्यक्त गरिन्। भेटका क्रममा प्रधानमन्त्री कार्की र चिनियाँ राजदूत माओमिङले दुवै देशका जनताले मनाउँदै गरेको नयाँ वर्ष (घोडा वर्ष) का अवसरमा शुभकामना पनि आदानप्रदान गरे।

संस्कृति, भूगोल र ऐतिहासिक सम्बन्धले दुवै मुलुकलाई कसिलोसँग जोडेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल पञ्चशीलको सिद्धान्तमा अडिग रहेको, एक चीन नीति अवलम्बन गर्दै आएको र निकट छिमेकी मुलुकको अहितमा कुनै पनि गतिविधि हुन नदिनेमा पनि सदाझैँ स्पष्ट रहेको बताइन्।

एउटा मुलुकमा अस्थिरता हुँदा अर्कोमा पनि समस्या हुन सक्ने भन्दै उनले क्षेत्रीय शान्ति र स्थायित्वका निम्ति पनि आपसी सहकार्य मजबुत बनाउँदै लैजानुपर्ने धारणा राखिन्।

चिनियाँ राजदूत माओमिङले नेपाल सरकारको यस नीति र अडानका लागि चिनियाँ जनता र त्यहाँका राष्ट्रपतिको तर्फबाट धन्यवाद सन्देश सुनाए।

## चुनाव जीवन–मरणको सवाल : प्रचण्ड




बुटवल। नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले फागुन २१ को प्रतिनिधिसभा निर्वाचन सामान्य अवस्थाको निर्वाचन नभएको टिप्पणी गरेका छन्। शुक्रबार नुवाकोट र काठमाडौंका पार्टी नेताकार्यकर्ताको उपस्थिति काठमाडौंमा आयोजित चुनावी कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले सामान्य निर्वाचन नभएकाले जीवन-मरणको सवाल रूपमा लिएर काम गर्न आग्रह गरे।

'यो विशिष्ठ प्रकृतिको निर्वाचन हो। यो निर्वाचन निरन्तरताको निर्वाचन नभएको हुनाले यसको विशेष चरित्र छ,' प्रचण्डले भने-'यो निर्वाचन २३ गतेको जेनजी आन्दोलनमा तत्कालीन सरकारले नरसंहार गरेपछि उत्पन्न परिस्थितिपछिको निर्वाचन हो।'

» बाँकी ३ पेजमा

## भदौ २३ र २४ गतेको घटना घटाउनेहरू एकै हुन् : रवि



बुटवल। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले भदौ २३ र २४ गतेको घटना घटाउनेहरू एकै भएको बताएका छन्। चितवनमा भएको चुनावी सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

'सिंहदरबार त्यसैले जलायो जसले भ्रष्टाचारको अखडा बनायो। बालबालिकालाई गोली उसैले हान्यो। सिंहदरबार जलाउने र बालबालिकालाई गोली ठोक्ने एउटै हो।'- उनले भने।

उनले इतिहासले मागेको कुरा पूरा गर्नका लागि आफूहरू तयार भएर आएको पनि बताए। 'जो जहाँ हुनुहुन्छ - राजनीतिक दल बदल्नुपर्छ भनेकै छैन मात्रै मत बदल्नुस्। सबैको पार्टी हो रास्वपा,' उनले भने-'मलाई चर्को नबोल भन्छन्। म पर्रै रवि लामिछाने।'

लामिछानेले आफू रवि लामिछाने भएकै कारण धेरै बोल्नु परेको टिप्पणी गरेका छन्। 'मलाई धेरै नबोल, तिखो नबोल पनि भन्छन्। चर्को नबोल भन्छन्, मलाई गालीगलौज नगर पनि भन्छन्,' लामिछानेले भने-'म परे रवि लामिछाने, अलिअलि नघोची हुँदैन।'

आफूलाई टुच्च टुच्च नघोचे आफू चुप लाग्ने उनले बताए। 'ठाउँ ठाउँबाट घोचिरहन्छन्, अनि दिइरहनुपर्छ।'- उनले भने।

» बाँकी ३ पेजमा

## मतपेटिका ढुवानी प्रहरीले गर्छ : गृहमन्त्री



बुटवल। गृहमन्त्री ओमप्रकाश अर्यालले एकीकृत सुरक्षा योजना अनुसार मतदान केन्द्रबाट मतगणना स्थलसम्म मतपेटिका नेपाल प्रहरीले नै ढुवानी गर्ने स्पष्ट पारेका छन्। शुक्रबार विराटनगरमा सुरक्षा निकायहरूसँग निर्वाचन सुरक्षा सम्बन्धी छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री अर्यालले विगतको अभ्यासअनुसार नै सुरक्षाको घेरा कायम रहने समेत बताए।

'अलमलमा पर्न जरूरी छैन। बाँकी काम मतदान अधिकृतले नै गर्ने हो। नेपाल प्रहरीको सहयोग लिएर गर्ने हो। त्यसको ढाँचा नै त्यसैमा उल्लेख गरेका छौं।'- गृहमन्त्री अर्यालले भने।

उनका अनुसार मतदान केन्द्र र मतगणना स्थलको सुरक्षामा पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी बल र तेस्रो घेरामा नेपाली सेना परिचालन हुनेछन्।

सरकारका प्रवक्ता समेत रहेका मन्त्री अर्यालले निर्वाचन एकीकृत सुरक्षा योजनाअनुसार मतदान अधिकृतले मतपेटिका नेपाल प्रहरी र सशस्त्र प्रहरीको सुरक्षा घेराभित्रै मतगणना स्थलसम्म पुऱ्याउने व्यवस्था मिलाइएको बताए।

उनले मतपेटिका ढुवानी र सुरक्षाबारे कुनै भ्रम राख्न आवश्यक नरहेको र सबै काम स्थापित सुरक्षा मापदण्डअनुसार हुने जानकारी दिए।

निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सबै सुरक्षा निकायबिच समन्वयात्मक रूपमा काम भइरहेको मन्त्री अर्यालले बताए। त्यस्तै गृहमन्त्री अर्यालले कुनै पनि अवस्थामा निर्वाचन तोकिएकै समयमा सम्पन्न हुने दाबी पनि गरे। वर्तमान सरकार गैरदलीय र निष्पक्ष ढंगले काम गरिरहेको उल्लेख गर्दै कानुनको पूर्ण पालना र कडाइका साथ कार्यान्वयन गरिने स्पष्ट पारे।

दण्डहीनताको अन्त्य गर्नु वर्तमान सरकारको प्रमुख लक्ष्य रहेकाले कानुन उल्लंघन गर्ने जो-कोहीमाथि कानुनी कारबाही हुने उनले बताए।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ फागुन १६ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

बस म केवल
एक क्रान्ति
एक प्रजातन्त्र
एक चुनाउ
र एक भोट हुँ
केवल एक भोट हुँ ।

– भूपी शेरचन
(‘घुम्ने मेचमाथि अन्धो मान्छे’ कविता सङ्ग्रहबाट)

अनुदित कथा

# मानिसले के आविष्कार गर्नसक्छ ?

हान्स क्रिस्चियन एन्डरसन
अनुवादः विनय कसजु

एक जना युवक कवि बन्ने उद्देश्यले अध्ययन गर्दै थियो । इस्टरको चाडसम्ममा कवि बनिसक्ने उसको इच्छा थियो । त्यसपछि ऊ बिहे गरेर सुखी जीवन बिताउन चाहन्थ्यो । कविता लेख्नका लागि केही कुराको आविष्कार गर्न सक्नुपर्छ भन्ने उसलाई थाहा थियो । तर उसले केही पनि आविष्कार गर्न सकेको थिएन । आफू साह्रै पछि जन्मे भन्ने उसलाई लाग्थ्यो । आफू संसारमा आउनुभन्दा पहिले नै सबै कुराको आविष्कार भइसकेको छ र मानिसहरूले सबै कुराको बारेमा बोलिसकेका र लेखिसकेका छन् भन्ने ऊ ठान्थ्यो ।

उसले यस्तो सोच्थ्योः “हजार वर्षअघि जन्मेका मानिसहरू सुखी थिए । किनकि उनीहरूलाई केही कुराको बारेमा कविता लेखेर अमर हुन सजिलो थियो । सय वर्षअघि जन्मेका मानिस पनि भग्यमानी नै हुनुपर्छ । किनकि त्यस बेला पनि कविता लेख्नका लागि विषयवस्तुहरू बाँकी हुनुपर्छ । तर, अहिले संसारमा लेख्ने कुरै सकिइसकेको छ । अब कविता लेख्ने विषय नै के छ र मसँग !”

त्यसपछि उसले अध्ययन गर्न थाल्यो । यति मेहनतले अध्ययन गर्यो कि ऊ आखिरमा बिरामी भएर थला पर्यो । उसको अवस्था साह्रै टिठलाग्दो भयो । कुनै डाक्टरले पनि उसलाई निको पार्न सकेन । सायद एउटी पाकी महिलासँग उसलाई निको पार्ने उपाय थियो । उनी बाटोको छेउमा एउटा सानो घरमा बस्थिन् । उनी साह्रै बुद्धिमती थिइन् ।

कवि बन्न इच्छुक त्यो युवक ती महिलाकहाँ गयो ।

महिला बस्ने घर सानो र सफा भए पनि हेर्दा टिठलाग्दो थियो । त्यो घरको नजिकै फूलका बोट र रुखबिरुवा केही थिएनन् । घरको ढोकैमा मौरीको घार थियो, जो निक्कै काम लाग्ने थियो । अर्को निक्कै उपयोगी कुरा त्यहाँ आलुबारी थियो । त्यसको नजिकै माटोको ढिस्कोमाथि चुत्रोको झ्याङ थियो । हिउँ पर्नुभन्दा पहिले त्यो चुत्रो निक्कै मिठो हुन्थ्यो ।

“कविताविहीन हाम्रो समयको यो यथार्थ चित्र हो,” त्यो तन्नेरीले यस्तो सोंच्थ्यो । जे भए पनि एउटा विचार त हो यो । उसले ती बुद्धिमती महिलाको दैलोमा पाएको विचारको एउटा कण ।

“यो कुरा लेखिहाल !” ती महिलाले भनिन् । “रोटीको टुक्रा पनि त रोटी नै हो । तिमी मकहाँ किन आयौ भन्ने मलाई थाहा छ । तिमीलाई केही कुरा आविष्कार गर्न आउँदैन । तै पनि तिमी इस्टरभन्दा पहिले कवि बन्न खोज्दैछौँ ।”

“सबै कुरा लेखिइसकेका छन् । कुनै कुरा लेख्न बाँकी नै छैन । हाम्रो समय पुरानो समयजस्तो हैन ।”

“त्यसो होइन,” उनले भनिन् -“उहिले बुद्धि भएका महिलाहरूलाई जलाइन्थ्यो । कविहरू भोकै मर्थे । उनीहरूको जीवन टिठलाग्दो हुन्थ्यो । अहिलेको बेला राम्रो छ । यो सबैभन्दा राम्रो समय हो । तर यसलाई हेर्ने तिम्रो तरिका ठिक छैन । तिम्रा कानहरू वर्तमान समयको स्वर सुन्नसक्ने खालको चनाखो छैन । मलाई लाग्छ तिमीले साँझको बेलामा ईश्वरको प्रार्थना पनि गर्दैनौ । भन्न, बोल्न र कविता लेख्नका लागि जत्ति पनि विषय छन्, तर यसका लागि तरिका जान्नुपर्छ । खेत, बारी र बगैँचामा फलेका अन्न र फलफूलहरूलाई तिमीले पढ्न सक्नुपर्छ । खोलाको बगेको पानी र पोखरीको शान्त जलबाट तिमीले कविता पाउनसक्छौ । तर कसरी पाउने र लिने भन्ने जान्नुपर्छ । घामको किरणलाई कसरी समात्ने भन्ने तिमीलाई थाहा हुनैपर्छ । तिमीले मेरो चस्मा लाएर हेर्ने कोशिस गर, मेरो कान सुन्न सघाउने बिगुलेयन्त्र आफ्नो कानमा लाऊ । अनि ईश्वरको महिमा गाऊ । आफ्नो बारेमा चिन्ता गर्न छाड ।”

महिलाले उसलाई आफ्नो चस्मा र कान सुन्ने बिगुल दिइन् । अनि उसलाई आलुबारीको माझमा उभ्याइन् । उनले एउटा ठूलो आलु उसको हातमा राखिदिइन् । त्यसभित्रबाट आवाज आउन थाल्यो । त्यसभित्रबाट शब्दहरूसहितको स्वर निस्कन थाल्यो । आलुले आफ्नो इतिहास सुनाउन थाल्यो । दिनदिनैको घटना दश खण्डमा सुनायो । कविको लागि दश पंक्ति नै पर्याप्त थियो ।

आलुले के गीत गायो होला ?

आलुले आफ्नै र आफ्नो परिवारको बारेमा गायो । युरोपमा आलु कसरी आइपुग्यो, सुरुमा आलुको बारेमा कस्तो भ्रम फैलियो, अनि कसरी अहिले आलु सुनको ढिक्काभन्दा मूल्यवान भयो भन्ने कुरा सुनायो ।

“हामी राजाको हुकुमबाट, राज्यसभाको निर्णयले विभिन्न नगरहरूमार्फत् वितरण गरिन्थ्यौँ । हाम्रो गुण र महत्वको बारेमा सरकारी घोषणा गरिएको थियो । तर कसैले पनि त्यसलाई पत्याएका थिएनन् । हामीलाई कसरी रोप्ने र कसरी फलाउने भन्नेसम्म पनि मानिसहरूले जानेका थिएनन् । एक जना मानिसले एउटा खाल्टो खनेर आफूसँग भएका डालोभरिको आलु त्यसैमा खन्याएको थियो । अर्कोले एउटा आलु यहाँ अर्को आलु धेरै पर राख्यो । उसले आलुको ठूलो रुख हुर्कन्छ र त्यसमा आलु फल्छ अनि रुख हल्लाएर आलु झरालिन्छ भन्ने ठानेको थियो । ती सबै आलु उम्रे, बढे, फुले अनि तिनमा रसिला फल पनि फले । तर कसैले पनि जमिनमुनि के छ भन्ने सोचेनन् । हो, हामीले धेरै दुःख झेल्यौँ । अर्थात् हाम्रो पुर्खाले धेरै दुःख पाए । फलस्वरूप अहिले हामी सबैको हाईहाई हुन पाएका छौँ ।”

कस्तो कथा हो यो ! यसमा कविता लेख्ने कुरै के छ र !

“यतिले पनि पुगेन ?”, ती महिलाले भनिन्-“त्यो चुत्रोको झाङतिर हेर त ।”

ती चुत्राहरूले भन्नथाले-“आलूको घरसँग हाम्रो अलिकति भए पनि नाता छ । तर ऊ हुर्केको ठाउँभन्दा केही अग्लो उत्तरतिरको देश नर्वेबाट केही मानिसहरू कुइरो र हुरीको वास्ता नगरी, पश्चिमतिर अनजान प्रदेशमा आए । उनीहरूले बरफ र हिउँ पंछाए । यहाँ उनीहरूले विरुवा, हरिया घाँसे चौर, बुट्यान र झाडीहरू भेट्टाए । उनीहरूले काला-नीला अंगुरजस्ता चुत्राका झाङहरू फेलापारे । अंगुरहरू हामीजस्तै तुसारोले पाकेका थिए । उनीहरूले अंगुरको रक्सी पारे अनि यो भूमिलाई उनीहरूले वाइनल्याण्ड अर्थात् मधुभूमि नामाकरण गरे । वास्तवमा यो चुत्रोभूमि हो ।”

“यो त बडो अद्भूत रमाइलो कथा रहेछ ।” युवकले भन्यो ।

“हो त नि यो पक्कै पनि रोचक कथा हो ।” भन्दै ती महिलाले युवकलाई मौरीको घारतिर लगिन् ।

उसले मौरीको घारभित्र हेर्‍यो । कस्तो जीवन ! कस्तो मेहनत ! घारभित्र मौरीका चाकाका बिचबिचका गल्लीगल्लीमा मौरीहरू थिए । पूरै चाका महको कारखाना जस्तो थियो । कारखानालाई हावादार बनाएर दूषित हावा बाहिर फाल्न मौरीहरूले निरन्तर पखेटा चलाइरहेका थिए । उनीहरू यही काममा खटिएका थिए । बाहिरबाट मौरीहरू आइरहेका थिए । उनीहरूको खुट्टामा सानासाना डालाहरू थिए । ती डाला भरिभरि फूलका धुला, केसरका कणहरू भरिएका थिए । उनीहरूले ती डालाहरू कारखानामा खन्याउँथे । फूलका ती केसरबाट मह र मैन तयार हुँदै थियो ।

मौरीहरू भित्रबाहिर गरिरहेका थिए । रानी मौरी बाहिर जान चाहन्थिन् । बाहिर गइन् भने उनीसँगै सबै मौरी बाहिर जान्थे । तर यसो गर्ने बेला भएको थिएन किनकि चाकाबाट मौरीका बच्चा र नयाँ रानी मौरी निस्कन बाँकी नै थियो । तै पनि रानी बाहिर जान खोजिरहेकी थिइन् । उनलाई बाहिर जान नदिन अरु मौरीहरूले रानीको पखेटा काटिदिए । उनलाई आफ्नै ठाउँमा बस्न कर लाग्यो ।

“अब माटोको ढिस्कोमाथि उक्ल,” बुद्धिमती महिलाले भनिन् -“यहाँ आएर राजमार्गतिर हेर । त्यहाँ मानिसहरू देखिन्छन् ।”

“ओहो कस्तो भीड रहेछ !” युवकले भन्यो । “एउटा कथा नसिद्धिँदै अर्को कथा । यो त बगेको बग्यै छ ! म त अल्मल्लै परेँ । म त पछाडितिर जान्छु ।”

“हैन, सिधै अघि बढ !” महिलाले भनिन् । “सोझै मानिसहरूको भीडमा पस । उनीहरूलाई ठिकसँग हेर । उनीहरूको कुरा सुन्न कान चनाखो राख अनि उनीहरूको अनुभूतिहरू बुझ्न आफ्नो दिमागलाई खुला राख । अनि तिमीले केही कुराको अविष्कार गर्नेछौँ । तर, जानुभन्दा पहिले तिमीले मलाई मेरो चस्मा र काने बिगुल फर्काउनैपर्छ ।”

यसो भन्दै उनले आफ्ना ती दुबै सामान फर्काएर लिइन् ।

“अब मैले सानातिना कुरा पनि देख्न सक्तिन । मैले केही पनि सुन्न सक्तिन ।” युवकले भन्यो ।

“त्यसो भए तिमी इस्टरसम्ममा कवि बन्न सक्तैनौ ।” बुद्धिमती महिलाले भनिन् ।

उसले सोध्यो, “म कहिलेसम्म कवि बन्न सकुँला त ?”

“न त इस्टरसम्म, न त सप्ताहान्तसम्म नै । तिमीले कुनै पनि कुरा आविष्कार गर्न सिक्न सक्तैनौ ।”

“कविता लेखेर गुजारा गर्न मैले के गर्नु पर्छ ?”

“तिमीले पाप पखाल्ने स्रोभ दिवसको दिनसम्म पनि यो काम गर्नसक्तैनौ । तिमीले कविहरूको सिकार गर्नथाल ! उनीहरूको लेखाइलाई बिगार, सत्यानाश पार । यसरी तिमीले उनीहरूलाई मार्नसक्छौँ । लाजसरम, नैतिकतालाई त्यागिदेऊ । उनीहरूमाथि हिम्मतका साथ प्रहार गर । अनि तिमीले उत्सवको भोज खान पाउने छौँ । त्यही खाएर तिमी र तिम्री पत्नी बाँच्नसक्छौँ ।”

“कसैले केही पनि केही आविष्कार गर्नसक्तैन ।” युवक करायो । ऊ आफै कवि बन्न सकेन । यसैले उसले भेटाएजति सबै कविलाई साहसका साथ प्रहार गर्‍यो । साँच्चै, कसले के आविष्कार गर्नसक्छ भन्ने कुरा ती बुद्धिमती महिलालाई थाहा छ ।

निमेष निखिलका दुई कविताहरू

## केही कामहरू

नचाहेरै गर्नुपर्ने रहेछ
धेरै कामहरु जीवनमा ।

जस्तो कि फक्रेको एउटा फूल चुँड्नु
र चढाउनु एउटा ढुङ्गामा
रोजाइको अन्तिम गन्तव्य सम्झनु
र बढाउनु पाइलाहरू तिमीतिर
जान्दाजान्दै ओर्लनुपर्छ- चढ्नु एउटा कष्टकर उकालो
बुझ्दाबुझ्दै फर्कनु पर्छ पछाडि- बढ्नु अगाडितिर
निरुद्देश्य
दौडनु र दौडिरहनु- एउटा कहीँ नपुग्ने यात्रा
सधैँसधैँ भरिरहनु- सपनाहरुको महामेला
हरेक रात निदाउनु र ब्युँझनु हरेक बिहान एउटा उदासी
सिन्को भाँच्न नसक्नु र ठडयाइरहनु अभिमानको
एउटा पर्खाल

नचाहेरै गर्नुपर्ने रहेछ
धेरै कामहरु जीवनमा ।
कहिल्यै विश्वास गर्न नसकिनेलाई हाल्नु
विश्वासको एउटा मत
जानीजानी घाउ कमाउनु र सुम्सुम्याइरहनु एउटा खत
लड्नु माटैका लागि आत्मीयसँग र मिल्नु त्यही माटोमा
छोड्नु सहयात्रीलाई सहयात्रामा र हिँडिरहनु एक्लै
त्यही बाटोमा
अँजुलीमा भर्नु ताराहरु र कोही नपाउनु दिने मान्छे
बिस्कुन हाल्नु सपनाको र चराउनु भँगेराका बथानहरु
भावनामा पौडनु, डुब्नु र रित्तिनु दिनदिनै
वेदनाको भिरालो ओरालो एक्लै एक्लै झर्नु दिनदिनै
भर्‍याङ बन्नु र टेकाउनु ढाड माथि जानेहरुलाई
आफ्नै भन्ठान्नु भित्रभित्रै आफैँलाई चपाउनेहरुलाई

नचाहेरै गर्नुपर्ने रहेछ
धेरै कामहरु जीवनमा ।

## भन रामलखन !

रामलखन !
एउटै हो तिमीले र मैले ओढेको आकाश
उही हो ओछ्याएको धरती र टेकेको माटो
उस्तै छ जीवन हिँडेको हाम्रो बाटो
भन ! कसले सल्कायो अविश्वासको आगो
हाम्रो बस्तीमा -
कसले ठड्यायो विभेदको पर्खाल रातारात -
कसले सुकायो क्रोधित आँखाहरूको बिस्कुन
हाम्रै बस्तीका बाटाबाटा र चोकचोकमा -
मेरो कल्पनासम्ममा छैन
मेरो अनुपस्थितिको तिम्रो होली र छठ
तिम्रो अनुपस्थितिको मेरो दसैँ र तिहार
तिमी नभएको मेरो छोराको बिहे
म नभएको तिम्री छोरीको मगनी ।

मलाई लाग्दैन बिर्सन सक्छौ तिमी-
एउटै डगरमा
हामीले नाङ्गैभुतुङ्गै तय गरेको जिन्दगीको लामो यात्रा
र सँगै काटेका सुखदुःखका कुइनेटाहरू
भन्न सक्छौँ तिमी-
हामीले सँगै बगाएका पसिनाको मात्रा ?
या नाप्न सक्छौ सुखदुःखको सुगन्ध-
हामीले एक साथ अनुभूत गरेको ?

भन रामलखन !
कहिले निभाउने यो अविश्वासको आगो ?
कहिले ढाल्ने विभेदको पर्खाल ??
कहिले उठाउने यो घृणाको बिस्कुन ???

हुनत तिमीमा पनि छ र मभित्र पनि-
भन रामलखन !
कसरी निकाल्ने छातीभित्रको एउटै देश ?

व्यङ्ग्य

# आगामी प्रधानमन्त्री

आनन्द भारती

देशको दुर्दशाबारे आजभोली सबै राजनीतिक दलहरु चिच्याइरहेका छन् । सबैको आ-आफ्नै रोदन छ, अर्थात् आ-आफ्नै स्टाइल छ । तर यो देशको दुर्दशामा कोही पनि जिम्मेवारी बहन गर्ने पक्षमा देखिँदैनन् । एक अर्कालाई हिलो छ्याप्ने काम गरिरहेछन् ।

वास्तविक समस्या यस्तो छ– अब कसको आरोपमाथि विश्वास गर्ने ? पत्रिकाबाट तथ्य कुरा बुझौं भने दशओटा पत्रिकाको दशथरी नै टिप्पणी हुन्छन् । वास्तवमा असली कन्फ्युजन त्यसलाई हुन्छ जो धेरै किसिमका पत्रिका पढ्छ । त्यसले आफ्नो दृष्टिकोण सफा राख्छ र विवेकपूर्ण बहस पनि गर्न सक्छ । त्यसैले नेताहरु आफ्नो नाम कति ठाउँमा लेखिएको छ त्यो हेर्न विभिन्न पत्रिका खरिद गर्दछन्, तर समाचार कसैले पढ्दैनन् र विश्वास पनि गर्दैनन् ।

जो नेताहरु पत्रिका अदलीबदली पढ्छन् तिनीहरु ज्यादै ज्ञानी र समझदार हुन्छन् ।

जब देशको दुर्दशामाथि जिम्मेवार को हो भनी निर्णय गर्ने समय आउँछ तब सबैका आँखा पत्रिकाको पानामा पुग्छ । एकपक्षले आफ्नो बयान प्रकाशित गरी अर्को पक्षलाई निसाना बनाउँछ । संसदमा हातमा पत्रिका हल्लाइहल्लाई “यसको जिम्मेवार को हो ?” भनी कुर्लन्छन् । वास्तवमा जब कुनै निर्णय गर्ने समय आउँछ अति त्यसलाई असफल पार्न सबै एकै स्वरमा कराउँछन्–“पत्रिकाको समाचारमाथि विश्वास गर्न सकिन्न । पत्रिकाको टिप्पणीको आधारमा कसैमाथि कारबाही गर्ने प्रावधान हाम्रो संविधानमा छैन ।”

यहाँ कसैमाथि कसैलाई विश्वास छैन । कोही कसैको अधीनमा छैन । अनुशासनलाई अनपढ र असभ्यताको नमुना मान्दछन् । लोकगीतलाई गाउँले गीत भन्दै हेला गर्छन् । पपगीत गाउनेहरूलाई सहरिया वा विकसित भन्छन् र औकात बढेको मान्छन् ।

केही दिनअगाडि मात्रको कुरो हो । सबै दलका प्रमुख नेताहरू आफ्ना सहयोगीसहित देशको दुर्दशामाथि शान्तिपूर्वक विचार गर्न सहरी कोलाहलबाट टाढा एकान्त स्थलतर्फ लागे । विरोध अन्तरविरोध भएता पनि ठूला साना सबै नेता एकमत भएर एउटै बसमा चढेका थिए । यात्रा हँसीठट्टाका साथ बढ्दै थियो, बीच बाटोमा एउटा समस्या आइपयो । सबैभन्दा अगाडि सिटमा गुजराल, केशरी र अटल विहारी थिए । तीनजना नेता मौसमको बारेमा गफ गर्दै थिए । मौसम ज्यादै रमाइलो भएकोले अटलजी आफ्नो कविता वाचन गर्दै थिए ।

त्यसैले उनी आफूहरू बसेका सिटको सिसा पूरै खोल्न चाहन्थे । तर केशरीजी आफू दमको रोगी भएको कारणले झ्यालको सिसा पूरै बन्द गर्न चाहन्थे । यी दुई नेताको समस्या सुल्झाउन गुजरालले जुक्ति निकालेर झ्यालको सिसा आधा खोल्ने आधा बन्द गर्ने सुझाव राखे ।

एउटै सिटमा बसेका तीन ठूला नेताको बहस यसरी बढ्यो कि बस रोक्नै पर्ने भो । बसमा रहेका दोस्रा पुस्ताका नेताहरू कोही वास्तविक समस्या बुझ्न लागे भने कोही कुरै नबुझी आफ्नो नेताले जे भन्यो त्यसैमा लोली मिलाउन लागे । बसभित्रको चर्काचर्की बहसमा ड्युटीमा बसेको विनाटिकटवाला कन्डक्टरले दिलचस्पी लिनु स्वभाविकै हो । कन्डक्टरले कुरा बुझ्यो र त्यो हल्ला साम्य पार्न चिच्यायो- “कृपया चुप लाग्नोस् जुन झ्याल आधा खोल्ने, बन्द गर्ने र पूरा खोल्ने बारेमा यहाँहरू लड्दै हुनुहुन्छ त्यो झ्यालमा सिसा छैन । त्यस्तो झ्याल खुल्ला होस् या बन्द के फरक पर्छ ?

अब तपाईंहरूको सोंच्ने पालो ती प्रमुख नेताहरूको के हालत भयो होला ? बसको पछाडि सिटमा बस्ने नेताहरूले कन्डक्टरलाई बेजोड होनहार प्रतिभा भएका व्यक्ति माने साथै दोस्रो पुस्ताका नेताहरूले कन्डक्टरलाई प्रधानमन्त्री बनाउने निधो गरे । तर कन्डक्टरले यो प्रस्ताव अस्वीकार गर्दै भन्यो- “सिसा नभएको बसको झ्यालबारे यस्तो गलफती भयो भने विनापुँजी, विनादिमाग, विनानीति भएको देश कसरी चलाउने ? तपाईंहरूले नै चलाउनुस् ।” बसका साना नेताहरूले कन्डक्टरको कुरा बुझे, तर ठूला नेताहरू... । ठूला नेताहरू देशको दुर्दशाबारे चिन्तित भई नै रहे ।

*(भारती भारतका प्रख्यात हास्यव्यङ्ग्यकार हुन् । उनको यो व्यङ्ग्य हिन्दी तथा उर्दूका हास्यव्यङ्ग्यको अनुदित सङ्कलन ‘भोलारामको आत्मा’बाट साभार गरिएको हो । यसको अनुवाद आर.सी.रिजालले गरेका हुन् ।)*

दैनिक लुम्बिनी



# नवउदारवादी भुलभुलैयामा रुमल्लिरहेको नेपाली राजनीति– ३



लक्ष्मण श्रेष्ठ

(जेनजी पुस्ता र भदौ २३ र २४ को घटनाहरूको सामाजिक-सांस्कृतिक कारणहरूको खोजी गर्ने प्रयास स्वरूप लक्ष्मण श्रेष्ठले यो लामो लेख लेखेका छन्। यो लेख 'वामपन्थ द लेफ्ट'को पूर्णांक ९बाट साभार गरिएको हो। यो लेखको अघिल्लो भाग माघ १० र फागुन ९ गतेको पाहुरमा प्रकाशित भएको छ। सतहमा देखापर्ने घटनाको गहिराईमा कारणहरू खोतल्ने यो प्रयासमा पाहुरका पाठकहरू पनि सहभागी हुने अपेक्षा सहित यो लेख प्रकाशन गरिएको छ।)

**आसन्न राजनीति**

नेपाली राजनीति एउटा अनौठो मोडमा आइपुगेको छ। यसका कम्तिमा तीनवटा आयाम छन्। एक, वर्षौंदेखि गुम्फिएको वेचैनी विस्फोट भएको छ। दोस्रो, तीन दशकदेखि शासनको वरपर रहेका शासक शक्तिहरु (दल फरक भए पनि तिनलाई शासक शक्ति वा शासक वर्गका हिसाबले समरुपमै लिन सकिन्छ) प्रतिरक्षाको स्थितिमा छन्। तर, वैचनीका कारणहरु पर्गेल्दै राजनीतिक प्रक्रिया तथा अर्थ-राजनीतिक संरचनाहरुलाई सही बाटोमा दिशानिर्देश गर्ने राजनीतिक शक्तिको अभाव छ, जसले गर्दा राजनीतिक खिचातानी बढिरहेछ। यो तेस्रो आयाम हो। यी सबैको संयुक्त परिणती नेपाली राजनीति अन्यौलग्रस्त बनेको छ।

पहिलो आयामबारे प्रशस्त चर्चा भइसकेको छ। फेरि पनि सार खिचौं, नवउदारवादी नीतिहरुको विश्वव्यापी असफलताको बाछिटा नेपालसम्म आइपुगेको छ। मध्यमवर्ग उदाएको छ, तर असमानता पनि बढ्दो छ। नवउदारवादी सपनाबाट ग्रसित नयाँ पुस्ता स्व-बन्द व्यक्तिवादको शिकार भएको छ। र, ऊ बेचैन छ। अधुरो लोकतान्त्रिकरणले उसलाई आक्रोशित बनाएको छ। यो बेचैन र आक्रोशित नयाँ पुस्ता (अ) सामाजिक सञ्जाललाई ज्ञानको स्रोत र अभिव्यक्तिको माध्यम बनाइरहेछ।

दोस्रो आयाम हो, शासक वर्गले बलियो प्रहार खप्नुपरेको छ। २०६३ देखि यता आलोपालो गरी शासनको कुर्सीमा पुगेका नेताहरुले वैधानिकता गुमाएका छन्। जसको अभिव्यक्ति उनीहरुको दलभित्रको नेतृत्व परिवर्तनको माग हो। तर, यो मागमाथि दुई प्रश्न छन्। पहिलो, नेतृत्व परिवर्तनको आवाज सबै दलमा उही घनत्वमा उठ्न सकिरहेको छैन। नेपाली कांग्रेसभित्र यो आवाज अलि बलियो देखिन्छ तर लामो समयदेखि नव-संरक्षकत्ववाद (neo-patrimonialism)को अभ्यास गरिरहेको पार्टी सत्ता टसमस हुन तयार भइरहेको छैन। नेतृत्व परिवर्तनको आवाज उठाइरहेका गगन थापाहरुको राजनीतिक शक्ति र कौशलले त्यो दलको आन्तरिक परिवर्तनको निर्धारण गर्नेछ। नेकपा (एमाले)को ११औं राष्ट्रिय महाधिवेशनबाट केपी शर्मा ओलीको पुनः पदस्थापनले त्यहाँको नेतृत्व परिवर्तनको बहस कम्तिमा पाँच वर्षलाई मत्थर भएको छ। विडम्बना, युवाहरुको रगतको छिटा बोकेर पनि एमाले अध्यक्ष केपी शर्मा ओलीमा पश्चाताप वा गल्तीको आभास देखिँदैन। इतिहासका पानामा भेटिने हरेक पराजित तानाशाहहरु जस्तै आफू नै सही भन्ने दम्भ उनीमा देखिन्छ। विडम्बना, आफूलाई सही सावित गर्न उनी मुठभेड चाहन्छन्, सायद रक्तपात पनि। नेतृत्व परिवर्तनको अर्को आवाज उठिरहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल भने माधव नेपाल नेतृत्वको नेकपा (एस) लगायतका दलहरुसँग एकता गरेर नयाँ पार्टीको निर्माण गरी मुद्दा नै अस्थायी रुपमा ओझेलमा पार्ने धुर्त्याईमा सफल भएका छन्। यद्यपी, त्यो एकता नेकपा (एस)का असन्तुष्ट महासचिव घनश्याम भुसालले भनेजस्तै 'ओरालो लागेकाहरुको भेला' हो। दाहाल र उनका सहयात्री माधव नेपाल, झलनाथ खनाल, बामदेव गौतमलगायतका नेताहरुको अहिलेको सकस नै आफ्नो उपयोगिता स्थापित गरिरहनु हो। त्यो 'एकीकृत' दलका दोस्रो तहका नेताहरुले 'विद्रोह' गर्ने आँट गरे भने बेग्लै परिदृश्य निर्माण होला तर त्यसको सम्भावना सदूर क्षितिजसम्म देखिँदैन।

यी दुईवटा आयामभन्दा पर देखिने अर्को दृश्य भने राजनीतिक शक्ति संघर्ष हो। एकातिर पुराना पार्टीहरुबाट चोइटिएका शक्तिहरु पुनःसंगठन (reconsolidation) को स्थितिमा छन्। जनार्दन शर्मा, घनश्याम भुसाल, राम कार्कीदेखि मानुषी यमी, सुमना श्रेष्ठ र सन्तोष परियारहरुको सकस यही हो। अर्कातिर नयाँ-नयाँ राजनीतिक दलहरु निर्माण भइरहेछन् जसले आफूलाई वर्तमान राजनीतिक अन्यौलमा स्थापित गर्न खोजिरहेछन्। समाजमा भिन्दाभिन्दै तरिकाले स्थापित भएका- चाहे ती अभिनेता हुन् वा विमान कम्पनीका साहु- सबै यो राजनीतिक अन्यौलमा स्थापित हुन चाहन्छन्। तिनको दाबी वैकल्पिकताको हो तथापी सुशासनको अमूर्त दाबी, नवउदारवादको धङधडी र पुरानाको आलोचनाबाहेक कुनै नवीन चिन्तन उनीहरुमा पाइँदैन।

यी सादृश्य यथार्थको पछिल्तिर अदृश्य कर्ताहरु पनि उत्तिकै छन्। तिनको अनुमान गर्न भने भदौ २४ मा फर्किनुपर्ने हुन्छ। भदौ २४ मा जुन घनत्व र गतिमा विध्वंस भयो त्यसले त्यो योजनाबद्ध थियो भन्ने देखाउँछ। पम्परागत शक्ति दलविरोधी आक्रोशलाई ध्वंसमा परिणत गर्न उद्दत थियो। आफूमाथि लागेको आरोपका प्रमाण हटाउन उद्दत शक्ति अर्को आगो बोकेर हिँडेको थियो। त्यसैबिचमा उल्लासित भएका सेलिब्रेटी अनुहारहरु परिचालित नभए पनि उन्मादी पक्कै थिए। उन्मादको क्षणमा बाँध्ने त स्वविवेकले रहेछ। तर, विवेकको प्रकृति नै क्षणभंगुर छ। अप्ठ्यारो क्षणमा टिकाइरहन ठूलै संयम चाहिन्छ। सायद त्यसैले हो, २४ को साँझ ६ बजेसम्म परिवार सदस्यले प्रधानमन्त्री बन्ने खबर उडन्ते दाबी गरिरहेको केही क्षणमै वर्तमान प्रधानमन्त्री सुशिला कार्की भारतीय सञ्चारमाध्यममा एकाएक प्रधानमन्त्री नरेन्द्र मोदी र भाजपासँगको प्रगाढ मित्रता वर्णन गर्न पुगिन्। त्यो दृश्य देखेपछि जतिसुकै उच्च आसनमा पुगे पनि आवेगले डोऱ्याएपछि कसको के लाग्छ र भनेर सोच्नुको विकल्प के नै थियो र ? 'तीन दलका तीन शीर्ष नेताको अनुहार नै हेर्दिन' भन्ने हठले बताउँछ भदौ २७ गते प्रधानमन्त्रीको पद स्वीकार गरिरहँदा पूर्वप्रधानन्यायाधीश कार्कीले संवाद र सहकार्यबाट निकास निकाल्छु भनेर पक्कै सोचेकी थिइनन्। भदौ २४ को अर्को यथार्थ भने नेपाली सेना हो। आफ्नै परमाधिपतिको कार्यालय जल्न दिएको सेनाले कसरी राती १० बजे स्थिति नियन्त्रणमा लियो ? दिउँसो उसकै आह्वानमा तीन सुरक्षा संयन्त्र, गुप्तचर विभाग प्रमुख र मुख्यसचिवको बैठकबाट विज्ञप्ति आएपछि काठमाडौंका संदिग्ध लोकप्रियतावादी बालेनले फेसबुकमा 'सेनासँगमात्र वार्ता गर्ने' त्यो पनि 'संसद् विघटन गर्ने शर्तमा' स्टेटस राखे। संयोग मात्रै त पक्कै थिएन। अनि एकाएक सुदन गुरुङ, र दुर्गा प्रसाईलाई के आधारमा स्टेकहोल्डर मानियो ? प्रश्नहरु बग्रेल्ती छन्। राजनीतिशास्त्री भाष्कर गौतमले भनेजस्तै, भदौ २४ गते नेपाली सेनाले गरेको वार्ता आह्वान गैरसंवैधानिक थियो जसले उसको भूमिकामाथि संशय गर्ने स्थान दिएको छ (B. Gautam, 2025)।

शासक दलहरुको सत्ताबाट बहिर्गमन, संसद् विघटन र अनिर्वाचित सरकारको शासन हुनु भनेको नेपाली राजनीतिक यात्रा २०७२ को संवैधानिक परिकल्पनाबाट डिरेल हुनु (बाटोबाट उछिट्टिनु) हो। जसको तात्कालिक निकास समयमै शान्तिपूर्ण निर्वाचन हो। जसको मुख्य जिम्मेवार हुन् प्रधानमन्त्री सुशीला कार्की। डिस्कोर्डबाट चयनभएकी प्रधानमन्त्री सुशिला कार्कीको सबैभन्दा ठूलो शक्ति उनको निष्कलंक स्वच्छ छवि हो (यद्यपी मुख्यन्यायाधीवक्ता र स्वकिय सचिवका हर्कतले उनीमाथि नै प्रश्न उठाइरहेछ)। विराटनगरको हुनेखाने परिवारमा जन्मेर भारतमा शिक्षित अनि आफ्नै शहरबाट वकालत शुरु गरेकी कार्कीको सादा पहिरन, काठमाडौंको काँठ क्षेत्रमा सानो आयतनको घर र विद्रोही छविका श्रीमान्‌जस्ता विशेषताले उनको स्वच्छ छविलाई बल पुऱ्याउँछन्। तर, समयको भुमरीमा अल्झिरहेको नाउलाई किनारमा पुऱ्याउने जिम्मा लिएको माझीको छवि भन्दा बढी कौशल महत्त्वपूर्ण हुँदोरहेछ। प्रतिगमनविरोधी आन्दोलनपछिको संक्रमणलाई पार लगाउने बिँडो थामेका गिरिजाप्रसाद कोइरालाको छविमाथि २०५०को दशकमा विभिन्न प्रश्न उठेकै थिए। उनीमाथि उठेका लाउडा काण्ड होस् वा टनकपुर सम्झौता आज पनि प्रश्नकै विषय हो। पुत्रीप्रेम त जीवनको अन्तिममा थपिएको धब्बा नै थियो। तर, उनले जसरी सशस्त्र संघर्षरत माओवादीलाई शान्ति प्रक्रियामा ल्याए, जसरी मधेश आन्दोलनलाई सम्बोधन गरे र जसरी अलमलिएको राजनीतिलाई एउटा बाटोमा सोझ्याए त्यो उनको लामो राजनीतिक अनुभव र कौशलकै परिणाम थियो भन्न हिचकिचाइरहनुपर्दैन। विडम्बना, डिस्कोर्ड निर्वाचित प्रधानमन्त्री कार्कीको सही लागेपछि नियमको वास्ता नगर्ने शैली र बोलिहाल्ने स्वभाव इतिहासको यो पेचिलो मोडमा लाभदायी नै हुन्छन् भनिहाल्न गाह्रो छ। यो वैयक्तिक स्वभाव प्रदर्शन र विध्वंसमार्फत पदच्युत ओलीको स्वेच्छाचारी स्वभावभन्दा धेरै टाढा छैन। तथापी उनीपछाडि उभिएको स्थायी शक्ति उनीमाथि पनि हावी भएर उनलाई 'निर्वाचनको जस दिलाउने' सम्भावना तड्कारो छ।

परिणाम, पुसको मध्यसम्म पुग्दा तोकिएको मितिमा निर्वाचन हुने सम्भावना सिर्जना भएको छ। सर्वप्रथम, वर्तमान राजनीतिको अदृश्य भए पनि एक प्रमुख स्टेकहोल्डर नेपाली सेना निर्वाचनका लागि प्रतिबद्ध देखिन्छ र राष्ट्रिय सुरक्षा परिषद्ले निर्वाचनका लागि सेना परिचालनको सिफारिस गरिसकेको छ (The Kathmandu Post, 2025)।

एक सेवानिवृत उच्चपदस्थ सैनिक अधिकारीका अनुसार सेना परिचालनको अर्थ मतपत्र छपाइदेखि मतगणनाको नतिजा सार्वजनिक हुँदासम्म सेनाको उपस्थिति रहनु हो। "यो सेनाको संलग्नता नभई सुरक्षा हो", ती सैनिक अधिकारीले भनेता पनि हरेक निर्वाचनमा (संविधान सभाको पहिलो निर्वाचनबाहेक) तेस्रो लहरमा उभिने सेना पहिलो लहरमै पुग्नुको अर्थ उसको उल्लेखनीय भूमिका रहनु पनि हो। शक्तिको सामर्थ्य नै उपस्थितिमै सन्देश प्रवाह गर्न सक्नु हो।

नेपाली सेना कम्तिमा त्यति शक्ति राख्छ। दोस्रो, भदौ २३ बाट रक्षात्मक स्थितिमा पुगेका संसदीय दलहरु हिचकिचाउँदै भए पनि निर्वाचनका लागि अग्रसर हुनुपर्ने बाध्यतात्मक परिस्थिति सिर्जना हुँदै गएको छ। त्यसका मूल दुई कारण हुनसक्छन्। एक, डिप स्टेट निर्वाचनका लागि तयार भइसकेपछि आफूले अस्वीकार गर्दा रक्षात्मकबाट संकटतर्फ पुगिने जोखिम छ। दुई, जति निर्वाचनका लागि ढिलाई गर्दै गयो त्यति नै नयाँ भनिएका राजनीतिक दलहरु संगठित र परिचालित हुँदा सांगठनिक सञ्जालको बलमा स्थापित वर्चस्व पनि गुम्न सक्छ।

अर्कोतर्फ 'पुराना' संसदीय दलको प्रतिरोधमा उदाइरहेका नयाँ दलहरुको आपसी सम्मिलनले नयाँ ध्रुव सिर्जना गरेको छ। उक्त ध्रुव मूलतः तीन अनुहाररहरुको सम्मिलन हो, रवि लामिछाने, बालेन्द्र शाह 'बालेन' र कुलमान घिसिङ। भदौ २४ को हुलमुलमा आफ्ना समर्थकहरुले जेलबाट निकालेर ल्याएपछि राष्ट्रिय गानमा सलामी लिएको थियाट्रिक्स प्रस्तुत गरेका रवि लामिछाने अन्ततः जमानतमा सशर्त रिहाई भएसँगै (G. Gautam, 2025) नाटकीय ढंगले शुरुमा रास्वपा र बालेनबिच (Post Report, 2025a) र पछि बालेनसहितको रास्वपा र कुलनमानबिच भएको सहमतिले (Post Report, 2025b) बनाएको यो ध्रुवले पुराना संसदीय दललाई अर्को ध्रुव निर्माण गर्न दबाब सिर्जना गरेको छ। पुसको तेस्रो सातामा यो लेख तयार पार्दासम्म यो ध्रुवको निर्माण भइसकेको छैन। निर्वाचनको संघारसम्म पुग्दा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टीबिच हुनसक्ने गठबन्धनका दुईवटा सम्भावना छन्- तीनवटै पक्ष सम्मिलित गठबन्धन वा दुई पक्ष सम्मिलित गठबन्धन। यी त्रिपक्षीय गठबन्धन हुँदा यी दलहरुमा आन्तरिक विभाजन पनि हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन।

गठबन्धनको स्वरुप र प्रकृति जेजस्तो भए पनि वैचारिक रुपमा आसन्न निर्वाचन मूलतः दुईवटा राजनीतिक ध्रुवहरुबीचको प्रतिस्पर्धा हुनेछ - यथास्थितिवादी 'पुराना' र लोकप्रियतावादी 'नयाँ'। यहाँ यथास्थितिवादले ०७२ को संविधान जारी हुने प्रक्रियाले सिर्जना गरेको शक्ति व्यूहलाई इंगित गर्छ जुन धेरै हदसम्म ०७२ को संविधानको निरन्तरता पनि हो तर मूलतः शक्ति संरचनाकै निरन्तरता हो। अर्थात्, यो नेपाली कांग्रेस, नेकपा (एमाले) र साविकको माओवादी र माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीको सत्ता पुनःप्राप्ति तथा राजनीतिक अस्तित्वको सुरक्षाको चाहना हो।

'नयाँ'हरुको ध्रुवमा रहेका तीन खेलाडीमध्ये रवि लामिछाने रास्वपाको खस्केको स्तर उकास्न चाहन्छन् र आफूमाथिको 'सहकारी ठगीको मुद्दा'बाट सदाका लागि उन्मुक्ति चाहन्छन्। अघिल्लो निर्वाचनमा बनाएको स्थान, लोकप्रियतावादी राजनीति र लोकप्रियतावादी राजनीतिक उभारको आड उनका शक्तिका स्रोत हुन्। यद्यपी, बालेनको शक्तिको स्रोत पनि ती भन्दा फरक होइनन्। त्यसैले बालेनसँग सँगै नहुँदा आफू कमजोर हुने गणितीय आकलनले पनि रवि र उनको दलले बालेनसँग सहकार्य गरेको हुनुपर्छ। कुलमान घिसिङ राजनीतिमा नयाँ भए पनि सत्ता अभ्यासमा पुरानै हुन्। यद्यपी उनको लोकप्रियतावादी छविको निर्माण जसरी गरिएको छ त्यसले उनलाई आउने निर्वाचनमा बलियो बनाउन सक्छ। जनजाति समुदायको टेक्नोक्र्याट भएकाले र कर्मचारीतन्त्रमा लामो समय रहेर बनाएका सम्बन्धहरुले उनलाई राजनीतिक टेवा दिनेछ। काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार भइकन पनि निर्वाचित बालेन संवादलाई बेवास्ता गर्ने, तर सधैं पर्दापछाडि बसेर सामाजिक सञ्जालमार्फत् उत्तेजनाको राजनीति गर्न खप्पिस खेलाडी हुन्। उनले राष्ट्रिय राजनीतिमा जाने निधो गरेर जसरी आफूले बोलाएकै ठाउँमा पूर्वप्रधानमन्त्रीदेखि फोर्ब्स सूचीकृत धनाढ्यसँग म्याराथुन संवाद गरे (Poudel, 2025) त्यसले उनको शक्तिको स्रोतमाथि घोत्लिन बाध्य बनाउँछ।

आफूलाई नयाँ भने पनि वैचारिकी र काल्पनिकीमा यी तीनवटै शक्ति नयाँ होइनन्। तीनवटै शक्तिको राजनीतिक प्रवृत्ति लोकप्रियतावाद (populism) हो।

लोकप्रियतावादको चरित्रलाई मूलतः चार आयाममा व्यक्त गर्न सकिन्छ। यो स्थापित राजनीतिक सम्भ्रान्तको विरोधबाट उदाउँछ, बहुलतालाई निषेध गर्छ, बहुमतको पक्षपोषण गर्छ र प्रक्रियाहरुलाई बेवास्ता गर्छ (Mudde & Kaltwasser, 2017; Muller, 2016; Taggart, 2000)।

नेपाली राजनीतिमा यो लोकप्रियतावाद दुई खुट्टा टेकेर उभिएको छ- विकासको भोक र बहुलताको निषेध (L. Shrestha, 2023c)।

बिर्सन नहुने पक्ष हो लोकप्रियतावाद आफैँमा कुनै राजनीतिक विचारधारा नभई एक प्रवृत्ति हो। राजनीतिक समस्याहरुको जवाफ आफैँसँग नहुने भएकाले लोकप्रियतावादले वामपन्थी वा दक्षिणपन्थी विचारधाराको आड लिन्छ (Mudde & Kaltwasser, 2017, p. 5)। 'नयाँ'का नाममा उदाइरहेको नेपाली लोकप्रियतावादको राजनीतिक विचारधारा मूलतः दक्षिणपन्थी छ दुई कारणले।

पहिलो, यसले गर्ने सम्भ्रान्त विरोध मूलतः २०४६ पछिको लोकतान्त्रिक अभ्यासमा उदाएका राजनीतिक सम्भ्रान्तमा केन्द्रित छ जसको बलियो उदाहरण हो, नेपोकिड्स ट्रेन्ड। भदौरे उथलपुथलको पृष्ठभूमीमा सामाजिक सञ्जालमा चर्चित बनेको यो ट्रेन्ड मूलतः ०४६ पछि उदाएका राजनीतिक र व्यापारिक सम्भ्रान्तका सन्तानहरुविरुद्ध लक्षित थियो (Baskar, 2025; Dudraj, 2025)।

दोस्रो, यसले गर्ने बहुलताको निषेध मूलतः २०६३ को परिवर्तनले स्थापित गरेको सिमान्तकृत र उपेक्षित क्षेत्र-समुदायको निषेध हो।

अघिल्लो निर्वाचनमा रास्वपाले प्रदेश सभामा उम्मेदवारी नदिनु, रवि लामिछाने र बालेन दुवैले प्रदेश उम्मेदवारलाई मतदान नगर्नु (शिलापत्र, २०२२) प्रदेश सभा नराख्ने नीति नै बनाउनु (अनलाइनखबर, २०२५) जस्ता अभ्यासले उनीहरुमा रहेको बहुलतानिषेध प्रवृत्तिलाई इंगित गर्छ। प्रकारान्तरले यो 'नयाँ' नेपाली 'लोकप्रियतावाद'ले संघीयता निषेध, समानुपातिक प्रणाली र समावेशीकरण खारेजीजस्ता बहुलतावाद निषेध गर्दै पश्चगमनको बाटो समाउँदै दक्षिणपन्थी हुने सम्भावना प्रबल छ।

राजनीतिक पाटोमा 'यथास्थितिवाद' र 'लोकप्रियतावाद'को टकराव भए पनि अर्थ-राजनीतिक कोणबाट हेर्दा आसन्न निर्वाचन भने 'नवउदारवादी यथास्थिति'कै निरन्तरता हुने देखिन्छ। संसदीय दलहरु नवउदारवादी नीतिहरुका संवाहक भइसकेका छन् भने 'नयाँ' रास्वपा वा अन्य दलमा पनि त्यसबारे प्रष्ट धारणा छैन। न त उनीहरुले यसबारे चिन्तन गर्नुपर्ने आवश्यकता नै महसूस गरेको देखिन्छ। भदौरे उथुलपुथलको अन्तर्यको खोजीले नेपाली समाजको असन्तोष समाधान गर्न भिन्दै अर्थ-राजनीतिक काल्पनिकीको माग गर्छ। त्यसका लागि ६० सेकेण्डको भिडिओबाट ज्ञान आर्जन गर्ने भीड होइन गम्भीर अध्ययन, अनुसन्धान र प्रतिबद्ध संगठनसहितको शक्तिको आवश्यकता पर्छ। भविष्यमा त्यो शक्ति संगठित भएर आउला अहिले भने सुदूर क्षितिजसम्म दृष्टिगोचर हुँदैन। विडम्बना, नेपाली राजनीति सारमा नवउदारवादी भुलभुलैयामै हराइरहने देखिन्छ।

---

**नयाँका...**

सभापति थापाले देशमा केही गर्ने र गर्न सक्ने भनेर माटोमा खुट्टा जमाएर बसेको पनि बताए। 'मेरो सबैलाई आग्रह छ। नेपाली कांग्रेसको तलबाट काम गर्दै गर्दै यो ठाउँसम्म हामी आइपुगेका छौं,' उनले भने- 'हामी यो देशमा केही गर्छौं, गर्न सक्छौं भनेर माटोमा खुट्टा जमाएर बसेका हौं।'

बुटवलको सभामा विभिन्न पार्टी परित्याग गरी करिब एक हजार जना कांग्रेस प्रवेश गरेको नेता प्रजापाल गिरीले बताए।

उता पोखरामा आयोजित सभामा सभापति गगन थापाले आफ्नो पार्टीले सरकार बनाएर निवर्तमान सभापति शेरबहादुर देउवाको सम्पत्ति सबैभन्दा पहिले छानबिन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

उनले आफ्नो पार्टीले सरकार बनाए सबैभन्दा पहिला आफू र प्रधानमन्त्री भएका देउवा र मन्त्री भइसकेकाको सम्पत्ति छानबिन गर्ने बताएका हुन्।

सभापति थापाले भ्रष्टाचार छानबिनका लागि शक्तिशाली आयोग बनाउने र मुलुकमा फेरि कसैले पनि भ्रष्टाचार गर्न नसक्ने गरी काम गर्ने कांग्रेसको संकल्प रहेको जिकिर पनि गरे।

'देशले भ्रष्टाचारबाट मुक्ति चाहेको छ। यो नेपाली कांग्रेसको सरकारले पहिलो काम एउटा शक्तिशाली आयोग गठन गर्छ। त्यो शक्तिशाली आयोगले २०४६ सालपछि प्रधानमन्त्री हुनु भएको शेरबहादुर देउवाको सम्पती, मन्त्री भएको गगन थापाको सम्पती सबैभन्दा पहिला त्यहाँबाट छानबिन सरु गर्छ,' सभापति थापाले भने-'आफ्नो बा भएपनि छोड्दैन। एउटा, एउटा कुराको छानबिन गर्छ। एउटा-एउटा काण्डको छानबिन गर्छ। र, भविष्यमा त्यस्तो कुनै पनि काण्ड हुन पनि दिन्न।'

सभापति थापाले मुलुकमा शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्योग क्षेत्रमा प्रत्येक क्षेत्रमा ५ वर्ष भित्र क्रान्तिकारी रूपातरण ल्याउने गरी कांग्रेसले सरकार बनाएर काम गर्ने आश्वासन समेत दिए।

'त्यसका लागि संस्था बनाउँछ, कानुन बनाउँछ। यो नेपाली काँग्रेस पार्टीले संकल्प गरेर आएको छ। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्योगमा प्रत्येक क्षेत्रमा ५ वर्षभित्र क्रान्तिकारी रूपातरण ल्याउँछ। तर कसरी ? चावुक चलाएर होइन। कसैलाई झुण्डयाएर होइन, कसैलाई ठोकेर होइन। नियम, कानुनभित्र रहेर त्यो काम सकिन्छ।'-सभापति थापाले भने।

**चुनाव...**

भदौ २४ गतेको विध्वंशमा देखिएको अर्को अतिवाद देशीविदेशी प्रतिक्रियावादीको चलखेलबाट भएको उनले टिप्पणी गरे। उनले भने-'यो २३ गते युवाहरूमाथि दमन गर्ने अतिवादी, अहंकारी र दम्भी, प्रवृत्ति र २४ गते विध्वंश गर्ने देशी, विदेशी प्रतिक्रियावादीविरुद्ध गरी दुईटा अतिवादविरुद्धको चुनाव हो।'

दुवै प्रवृत्तिविरुद्ध नेकपा खडा भएको उनले दावी गरे। 'यसविरुद्ध नेपाली कम्युनिस्ट पार्टी खडा छ। र, तीनवटा प्रवृत्तिबिचमा जनमत संग्रहको रूपमा यो निर्वाचन हुँदैछ।'- प्रचण्डले भने। त्यसकारण यो निर्वाचनलाई सामान्य रूपमा लिन नहुने उनले बताए।

'यो राष्ट्र बचाउने, लोकतन्त्र बचाउने, हामीले लामो संघर्षबाट प्राप्त अधिकारको रक्षा गर्ने निर्वाचन हो।'- संयोजक प्रचण्डले भने। यहीकारण यो निर्वाचनलाई जीवनमरणको रूपमा लिन पनि उनले नेताकार्यकर्तालाई आग्रह गरे।

'राष्ट्र र राष्ट्रको स्वाधीनताको रक्षा गर्ने तथा प्राप्त अधिकारको रक्षा गर्न नै हामीले नेपाली कम्युनिस्ट पार्टी बनाएका हौं। यो राष्ट्रको एकताको लागि पनि जरूरी थियो।'- उनले भने।

यो निर्वाचनमा आफ्नो पार्टीमात्रै एकताबद्ध रहेको र जनस्तरमा उभार देखिएको उनले बताए।

**भदौं...**

आफूमाथि प्रमाण छ भनिएको ६५८ दिन भएको उनले बताए। 'चाहिएन प्रमाण भइगो। मलाई अन्तिम इच्छा सोधिएको पनि थियो। मेरो अन्तिम इच्छा सोध्दै बुट बजारेर सोधिएको पनि तपाईँहरूलाई थाहै होला। मैले त्यसको जवाफ दिएको थिएन।'- उनले भने।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह(बालेन)ले चितवनले देशलाई पर्यटन प्रवर्धन सिकाउनुपर्ने बताएका छन्। शुक्रबार चितवनमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै बालेनले यस्तो बताएका हुन्।

'हाम्रो चितवनका थारू समुदायका होम स्टे र रिसोर्टले देख्न सकिन्छ, कि यहाँ उत्पादन, यहाँको लुगा, यहाँको म्युजिक, यहाँको खानेकुरा कसरी टुरिजम प्रमोसन गर्नुभएको छ,' बालेनले भने-'त्यसले विश्वले सिकेको छ। यो हेर्दा चितवनले टुरिजम देशलाई सिकाउनुपर्छ।'

चितवनको तरकारी, दूध विचौलियाका कारण मूल्य नपाएको उनले दाबी गरे। भारतको उत्पादन रोकेर नेपालकै उत्पादनलाई नै बजार दिने हो भने चितवनका किसानले मनग्य फाइदा उठाउनसक्ने उनले बताए।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बमेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
● ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
● लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७९८२७५, ९८००७६०६२२



जुम्लाको टोप्लागाउँः
जुम्लाको तातोपानी गाउँपालिका-८ स्थित टोप्लागाउँ। गाउँमा परम्परागत ढुङ्गा र माटोले छाएको घरका छानोलाई विस्थापित गरी जस्तापाताले छाउने क्रम बढ्दो छ। तस्विर : विजय रावत / रासस

# कांग्रेस, रास्वपा र नेकपाबाट तीनसय बढी युवा एमालेमा



बुटवल। काँग्रेस, रास्वपा र नेकपासहित विभिन्न पार्टीमा रहेका सैनामैना र बुटवलको वडा नं. १२ र १३ का साढे ३ सय जना युवालाई नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टीमा प्रवेश गराएका छन्। शुक्रबार बिहान बुटवल उपमहानगरको वडा नं. १२ र १३ बाट र दिउँसो सैनामैनाको विभिन्न वडाबाट साढे ३ सय जनालाई पार्टी प्रवेश गराइएको जिल्ला उप-सचिव बाबुराम पन्थीले जानकारी दिए।

सैनामैना क्षेत्रबाट पार्टी प्रवेश गराउने कामको संयोजन वडा नं. १ शाखा कमिटीका उपाध्यक्ष चक्र शाहीले गरेका थिए।

आफ्नो क्षेत्रमा रहेका रास्वपा, नेकपासहितका विभिन्न दलमा आस्थावानहरूले एमालेप्रति भरोसा गरेर प्रवेश गर्न चाहेकाले संयोजन गरेर पार्टी कार्यालयमा ल्याएको र उपाध्यक्ष विष्णु पौडेलमार्फत् पार्टीमा स्वागत गराएको उनको भनाइ छ। 'भूमिहीन, लालपूर्जाविहीनहरूको भरोसाको पार्टी बनेको छ, नयाँ जेनजीहरू जो भ्रममा परेर बसेका थिए, उनीहरू पनि प्रवेश गरेका छन्, पार्टी नेतृतवले यी कार्यकर्ताको मनोभावना बुझेर अघि बढोस्, प्रवेश गरेकाहरूलाई पार्टीमा उचित जिम्मेवारी दिएर काममा खटाउन सकोस्।'- उनले भने।

उनीहरूलाई पार्टीमा स्वागत गर्दै उपाध्यक्ष पौडेलले विभिन्न हल्लाका कारण अन्यत्र रहेकाहरू पार्टी प्रवेश गरेर बलियो एमाले बनाउन चाहेकोमा निकै खुशि लागेको बताउँदै अब एमालेको जित थप सुनिश्चित भएको बताए। 'मैले यहाँ आएका जेनजी उमेरका, पाकापुस्ता सबैलाई देखेको छु, सबैले एमाले र मेरो आधार मानेर विश्वास गर्नुभएको छ, हामी तपाईंहरूको भावनाअनुसार अघि बढ्नेछौं।'- उनले भने।

पार्टी प्रवेश कार्यक्रममा एमाले लुम्बिनी उपाध्यक्ष तथा रूपन्देही २ निर्वाचन परिचालन कमिटीका संयोजक भोजप्रसाद श्रेष्ठले सबै क्षेत्रबाट आएका सुझावका आधारमा पार्टीले काम गर्ने र आफ्नो क्षेत्रमा आएका समस्याहरू तत्कालै दिन सबैलाई आग्रह गरेका थिए। शुक्रबार नै बुटवल १२ मा दर्जनौं युवाहरू पार्टीमा प्रवेश गरेको एमाले बुटवलका अध्यक्ष शोभाखर पोखरेलले जानकारी दिए। उनीहरूलाई पनि एमाले उपाध्यक्ष पौडेलले पार्टी प्रवेश गराउँदै युवाहरूको योजनाअनुसार अघि बढ्ने जनाएका थिए।

# सुनौली-खैरेनी वैकल्पिक सडक निर्माण एमालेको एजेण्डा : न्यौपाने



देवदह। नेकपा एमालेले आगामी चुनावपछि सुनौलीदेखि बसन्तपुर हुँदै धकधई देवदहसम्मको वैकल्पिक सडक निर्माणलाई प्राथमिकता काम सुरु गर्ने भएको छ। नेकपा एमाले रूपन्देही क्षेत्र नम्बर १ का उम्मेदवार दधिराम न्यौपानेले गाउँ-गाउँमा विकासको सुरुवात गर्ने लक्ष्यसहित वैकल्पिक सडक सञ्जाल विस्तार गरिने बताएका छन्।

उनले बुटवल-भैरहवा-सुनौली मुख्य सडक अत्यधिक व्यस्त बन्दै गएको उल्लेख गर्दै त्यसको विकल्पका रूपमा सुनौलीदेखि बसन्तपुर, धकधगी हुँदै देवदहको खैरेनीसम्म सडक स्तरोन्नति तथा विस्तारको काम अगाडि बढाइने जानकारी दिए। यसबाट यातायात सहज हुनुका साथै स्थानीय आर्थिक गतिविधि समेत चलायमान हुने विश्वास व्यक्त उनले गरेका छन्।

रूपन्देही क्षेत्र नम्बर १ अन्तर्गत रोहिणी गाउँपालिका वडा नम्बर ४, ५, ६ र ७ मा आयोजित चुनावी भेटघाट तथा घरदैलो कार्यक्रममा स्थानिय मतदाताहरू माझ बोल्दै न्यौपानेले एमालेको जितले मात्र गाउँ-गाउँमा दिगो विकास सम्भव हुने दाबी गरे। उनले शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार विकासलाई एकीकृत रूपमा अघि बढाइने प्रतिबद्धता समेत व्यक्त गरे।

त्यसैगरी, ऐतिहासिक रोहिणी सभ्यताको संरक्षण तथा प्रवर्द्धन, पर्यटकीय क्षेत्र देवदह, पण्डितपुरलगायत धार्मिक तथा सांस्कृतिक स्थलहरूको समग्र विकासका लागि गुरुयोजना बनाएर काम गरिने उनको भनाइ छ। स्थानीय सम्भावनालाई उजागर गर्दै पर्यटन, रोजगारी र पूर्वाधार विकासलाई सँगसँगै अघि बढाउने समेत उनले दाबी गरेका छन्।

उम्मेदवार न्यौपानेले अब चुनावको दिन आउन धेरै दिन बाकी नरहेकाले समृद्ध रूपन्देही निर्माणका लागि जनताको साथ र समर्थन एमालेलाई आवश्यक रहेको बताए।

# समावेशिताका पक्षमा काम गर्छु : खत्री



देवदह। रूपन्देही क्षेत्र नम्बर-१ मा नेपाली कांग्रेसको तर्फदेखि उम्मेदवार बनेका हिराबहादुर खत्रीले जनजाति, मुस्लिम र भूमिपुत्रहरूको अधिकार र समावेशिताको पक्षमा आफूले काम गर्ने बताएका छन्। जनजाति, मुस्लिम तथा भूमिपुत्रहरूले गर्दा मुलुकको रक्षा भएकाले उनीहरूको अधिकारलाई सुनिश्चित गर्ने र अधिकार स्थापित गराउने कुरामा आफ्नो पहल जारी रहने उनले बताए। रूपन्देहीको क्षेत्र नम्बर एकमा विभिन्न जातजाति, भाषा, संस्कृतिको बसोबास रहेकाले सबैको पहिचानका आधारमा अधिकार स्थापित गराउनु नै अहिलेको आवश्यक रहेको उनले उल्लेख गरे।

शुक्रबार रूपन्देहीको देवदह नगरपालिकाको वडा नम्बर ११ र १२ मा घरदैलोका क्रममा आफ्ना भनाइ राख्दै उनले यस क्षेत्रको कृषि उत्पादन र विकासमा भूमिपुत्रहरूको महत्वपूर्ण भूमिका रहेको चर्चा गरे। उनले जनजातिसँगै, थारू, चौधरी, यादवलगायतका समुदायले भूमिको रक्षा गरेको र कृषि उत्पादनलाई वृद्धि गर्दै आएको स्मरण गर्दै कृषिको बजारीकरण, भण्डारण, उन्नत बिउ बिजन र कृषिमा सहज अनुदानका कार्यक्रमहरू ल्याएर भूमिपुत्रहरूलाई राहत दिने काममा आफूले योजनाबद्ध तरिकाले काम गर्ने बताए।

क्षेत्र नम्बर १ का विभिन्न स्थानमा घरदैलो तथा सुझाव संकलन गर्दै हिंडेका उम्मेदवार खत्रीले सबैको जातीय पहिचान, समावेशिता र संस्कृतिको रक्षाकालागि राज्यले सहि नीति ल्याउनु पर्ने उल्लेख गर्दै जनजाति, मुस्लिम, भूमिपुत्र र सबै भाषाभाषीहरूको अधिकार र पहिचानकालागि सबै खाले पहल थाल्ने उनले आश्वासन दिए।

घरदैलो अभियानमा देवदह नगर सभापति गुनाखर भुर्तेल, महासमिति सदस्य सरिता चौधरी, जिल्ला सचिव हरिप्रसाद काफ्ले, सहसचिव बासुदेव रिमाललगायतले बदलिएको कांग्रेसले नै मुलुकलाई बदल्ने भएकाले रूख चिन्हमा मतदान गरेर बहुमतको सरकार बनाउन सहयोग गर्ने आग्रह गरेको प्रचारप्रचार सदस्य राजेन्द्र न्यौपानेले जानकारी दिए।

घरदैलो कार्यक्रमअन्तरगत उम्मेदवार खत्रीले क्षेत्रनम्बर एकका तिलोत्तमा, ओमसतिया, रोहिणी र देवदहका विभिन्न वडामा घरदैलो र जनभेटघाटलाई जारी राखेको क्षेत्रीय सचिव विजय गुरूङले जानकारी दिए।

# बुटवलमा नेकपाको घरदैलो जारी



बुटवल। रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार विश्वदीप पाण्डे 'सुवास'ले शुक्रबार बुटवल उप-महानगरपालिकाका विभिन्न बस्तीमा घरदैलो जारी राख्दै परिवर्तनको अभियानमा सबैको साथ सहयोग जरूरी रहेको बताएका छन्।

सयौं नेता कार्यकर्ताको सहभागितामा बुटवल क्षेत्रका विभिन्न ठाउँमा मतदाता भेटघाट गर्दै उनले सुशासन, विकास र समृद्धिका लागि नयाँ सोंच र नयाँ नेतृत्व आवश्यक रहेको उल्लेख गरे।

मोटरसाइकल ऱ्यालीसहित बस्तीका विभिन्न चोकमा पुगेर मतदातासँग भोट माग्दै रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार विश्वदीपले मतदाताको विश्वास, समर्थन र मतदानले मात्रै आफूहरूले आवश्यक जिम्मेवारी पूरा गर्न सक्ने बताए।

'घरदैलो अभियान अन्तिम चरणमा पुगे पनि तपाईंहरूको दुःख-सुखमा साथ रहने हाम्रो प्रतिबद्धता भने अब सुरु हुँदैछ,' उनले भने- 'यसपटक तारा चुनाव चिन्हमा मतदान गर्नुहोस्, हामी सदनबाट तपाईंका आवाज, समस्या र अपेक्षासँग प्रत्यक्ष जोडिनेछौं।'

निरन्तर घरदैलोमा रहेका नेपाली कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताले शुक्रबार बुटवल क्षेत्रका वडा नं. ३, ४, ५ र ६ का टोल-टोल र बस्तीमा पुग्दै भोट मागेका छन्। उम्मेदवार घरदैलोमा पुग्न नसकेका ठाउँमा स्थानीय कार्यकर्ताले मतदाताको घरमा पुगेर आफ्ना उम्मेदवारको पक्षमा सहयोग मागेका छन्।

झण्डा, माईक, व्यानर र प्रतिबद्धतापत्रसहित मतदाताका टोल-टोल र घर-घरमा पुगेर चुनावी ऐजेण्डा प्रस्तुत गर्ने गरिएको निर्वाचन परिचालन समितिका संयोजक नारायण जीसी 'निर्मल'ले बताए।

उनका अनुसार उम्मेदवारसहितको घरदैलो निर्वाचन आचारसंहिताले तोकेको समय सीमासम्म जारी रहने छ। संयोजक जीसीले प्रत्येक दिन हरेक वडा र टोलमा उम्मेदवार नपुगे पनि घरदैलो अभियान जारी रहेको बताए। पछिल्लो समय मतदातामा देखिएको उत्साह र सहयोगको वचनबद्धताले आफूहरू निकै उत्साहित भएको उनले उल्लेख गरे।

# साई ग्लोबल कपको उपाधि न्यू होराइजनलाई



भैरहवा। न्यू होराइजन कलेजले ११औं संस्करणको जिल्लास्तरीय अन्तरकलेज साई ग्लोबल कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधि हात पारेको छ। भैरहवामा सम्पन्न फाइनल खेलमा नेपथ्य कलेजलाई ४४ रनले पराजित गर्दै न्यू होराइजनले उपाधि हात पारेको हो।

उपाधिसँगै उसले ५५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उप-विजेतामा चित्त बुझाएको नेपथ्यले नगद २५ हजार ५ सय ५५ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको फाइनलमा टस जितेर ब्याटिङमा आएको न्यू होराइजनले १९ ओभर ५ बलमा सबै विकेट गुमाउँदै १ सय १४ रन बनायो। उसका लागि आरिफ खानले ३५, महेश भरले २४, प्रिन्स पालले १६ र अमर मिश्राले १२ रन बनाए।

बलिङमा नेपथ्यका प्रविण ढकालले ३, लक्ष्मण कुमालले २ तथा रोशन बश्याल, सन्दीप यादव, आरिफ खान र प्रतीक भट्टराईले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको नेपथ्यले १७ ओभर ४ बलमा सबै विकेट गुमाएर जम्मा ७० रन बनायो र हार व्यहोर्यो। उसलाई सस्तैमा रोक्न बलिङमा न्यू होराइजनका शुभम पाण्डेले ४, विप्रसन केसीले ३ तथा महेश भर, प्रिन्स पाल र शुभम खनालले १-१ विकेट लिए। नेपथ्यका सन्दीप यादवले २९ तथा जसिम खान र लक्ष्मण कुमालले समान ११-११ रन बनाए। शुभम पाण्डे प्लेयर अफ द फाइनल भई एक हजार रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा सम्पन्न प्रतियोगितामा रुपन्देही क्याम्पसका सन्तोष यादव म्यान अफ द सिरिज भई १० हजार रुपैयाँ पुरस्कार पाए। यस्तै, बुटवल कालिकाका प्रज्ज्वल थापा बेष्ट ब्याटर र प्यारामाउण्ट कलेजका आशुतोष पाण्डे बेष्ट बलर घोषित भए। उनीहरुले जनही ५-५ हजार रुपैयाँ पाए।

यस्तै, प्रतियोगितामा भैरहवा नमूना कलेज अनुशासित टिम हुन सफल भयो।

विजेता र उपविजेता टिमलाई लुम्बिनी प्रदेशका खेलकुद मन्त्री सन्तोषकुमार पाण्डे, रुपन्देही क्रिकेट संघका कार्यबाहक अध्यक्ष धीरज क्षेत्री कार्यक्रम संयोजक निरजप्रताप खाँण, नेपाल क्रिकेट संघका निवर्तमन कार्यबाहक सचिव प्रशान्त विक्रम मल्ल, मुख्य प्रायोजक साई ग्लोबल कलेजका सञ्चालकहरुलगायतले पुरस्कार वितरण गरेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com